**गोबिन्द छन्त्याल र टुङ्ग भद्र राई, सं. । २०७५ ।** ***प्रतिरोधको राजनीति : आदिवासी जनजाति र नेपाली राज्य*** **। काठमाडौँ : नेपाल आदिवासी जनजाति महासंघ ।**

मनुस्मृति-निर्देशित जात व्यवस्थामा आधारित वर्गीय समाज रहेको नेपालको संस्कृति, राजनीति र अर्थ व्यवस्था शासककै रक्षार्थ प्रयोग हुँदै आएको थियो, र छ । यस्तो सामाजिक र राजनीतिक व्यवस्थाको प्रतिरोध उत्पीडन र शोषणमा परेका समूहहरूबाट विभिन्न कालखण्डमा हुँदै आएको छ । प्रस्तुत पुस्तक *प्रतिरोधको राजनीति : आदिवासी जनजाति र नेपाली राज्य*ले मूलतः शासक वर्गका रूपमा रहेका खस-आर्य र शासित वर्गको एक महत्त्वपूर्ण हिस्साका रूपमा रहेका आदिवासी जनजाति बीचको द्वन्द्व-सम्बन्धको बहसलाई स्मृतिमा ल्याउँछ । जम्मा एक महिला लेखक सहित आठ लेखक र दुई सम्पादक रहेको यो पुस्तक सेमिनारमा प्रस्तुत कार्यपत्रहरूको सँगालो हो ।

पुस्तकको पहिलो लेख नेपाली राजनीतिमा आदिवासी जनजातिको "किनारीकरण" बारे मुक्तसिंह तामाङको छ । आदिवासी जनजातिको "स्वायत्तता" गोर्खाली शासकले बलपूर्वक खोस्दै उनीहरूमा हिन्दू शासकीय संस्कृति लादेको, जनजातिले अधिकारको माग गर्दा राज्य विरुद्धको अपराधको रूपमा लिने गरेको, र नेपाली राज्यले जातिवाद र जातीय समानतालाई छुट्ट्याउन नखोजेको भन्ने विषयलाई तामाङले यो लेखमा अगाडि सारेका छन् । आदिवासी जनजाति नेताहरू स्वयं सहवरणमा पर्नुको मूल कारण मूलधारका दललाई "मुक्तिदाता" ठान्ने, क्रान्ति-विद्रोहको रणनीति नलिने र भद्र मागमा सहमति गरिने दुष्प्रवृत्ति हुन् भन्ने तामाङको ठम्याइ छ । साथै, राज्य र मूलधारका दलले जनजातिहरूलाई "विनम्र सेवक" को रूपमा आत्मसमर्पण गर्न लगाएको अवस्था अहिले पनि उस्तै भएको उनको तर्क छ ।

पुस्तकको दोस्रो लेख नेपालको राजनीतिमा आदिवासीको मुक्ति र सांस्कृतिक समानताबारे डम्बरध्वज चेम्जोङको रहेको छ । चेम्जोङले गोर्खाका हिन्दू आर्य वंशीय शासकको उपनिवेशवादी चरित्रको परिणाम स्वरूप आदिवासीहरू ऐतिहासिक उत्पीडनमा परेको तर्क गरेका छन् । सांस्कृतिक समानताले मात्रै हिन्दू खस-आर्य शासकहरूको आन्तरिक उपनिवेश (नेपाल कहिल्यै कसैको उपनिवेश हुनु परेन भन्ने भ्रमको विस्तार) र शोषणबाट आदिवासीहरूको मुक्ति हुने उनको तर्क छ । त्यसै गरी, *नेपालको संविधान* २०७२ लाई "हिन्दू संविधान" को संज्ञा दिँदै चेम्जोङले संविधानले एकै देशभित्र कोहीलाई "संविधान संरक्षित जात" र कोहीलाई "अन्यकरण" गरेको तर्क गरेका छन् ।

पुस्तकको तेस्रो लेख राजेन्द्र महर्जनको "एकल पहिचानको द्वन्द्ववाद" हो । महर्जनले यो लेखमा नेपाली राज्यले विविधता सम्बोधन गर्ने नाममा एकल पहिचानको पक्षधर भएर राज्य पुनर्संरचना गरेको दाबी गरेका छन् । बहुपहिचानको अन्तर्द्वन्द्वको सन्दर्भमा एकल

स्थिर पहिचानले पर्खाल उभ्याइदिँदा “म भर्सेस अरू” को सीमा कोरिदिन्छ र “हामी भर्सेस उनीहरू” को सापेक्षमा “हामीकरण” पनि अन्यकरणकै अर्को पाटो बन्ने कुरा उनले यो लेखमा गरेका छन् । उनी वर्गलाई एउटा पहिचानको रूपमा लिन्छन् । उनका अनुसार वर्गीय पहिचान नेपाल लगायत दक्षिण एशियाली देशहरूमा वर्ण/जात, लिंग, भाषासँग नङ-मासु झैँ गाँसिएको छ । महर्जनले लेखमा एकातिर वर्ग संघर्षको कडा विरोधी रहेका वर्ग-समन्वयवादीहरू वर्ग बाहेक अन्य पहिचानका मुद्दाहरू उठेपछि एकाएक वर्गवादी भई पहिचानको वैचारिकीमा प्रत्याक्रमण गर्दै आएको, तर अर्कोतर्फ बहुपहिचानवादीमा पनि एकल पहिचानको आत्मघाती धङधङी रहेको तथ्य अघि सारेका छन् । नेपाली राज्यले “न्यायविकासिनी,” राम शाहको “थिति,” “दिव्योपदेश,” “मुलुकी ऐन,” “पञ्चायती संविधान,” आदिको जगमा एकल पहिचान सिर्जना गरी यसलाई शासित वर्गमाथि थोपर्दै आएको उनको तर्क छ ।

चौथो लेखमा झकेन्द्र घर्ती मगरले आदिवासी जनजाति पार्टीहरूको गठन-पुर्नगठन, विकास र भविष्यबारे प्रकाश पार्न खोजेका छन् । उनले ती पार्टीहरूलाई बहुदलीय प्रजातन्त्र (सन् १९९०) अघि, पछि र गणतन्त्र स्थापना (सन् २००८) पछिको रेखीय कालखण्डमा राखेर अध्ययन गरेका छन् । आदिवासी जनजाति पार्टीहरूले प्राप्त गरेको मत संख्या, पार्टीहरूको संख्या, र उनीहरूले संविधान सभा/संसदमा प्राप्त गरेको सीट संख्या, आदिलाई उनले लेखमा राम्ररी केलाएका छन् । आदिवासी जनजाति केन्द्रित पार्टी, नेपाली राज्य र वैकल्पिक शक्ति संघर्षको चुनौतीबारे कालक्रमिक अध्ययनको निम्ति यो लेख जानकारीमूलक छ ।

पुस्तकको पाचौँ लेख “राजनीतिक सहभागिता र नेपालका आदिवासी जनजाति महिला : संख्याको मात्रै कुरा होइन” शीर्षकमा कैलाश राईको छ । उनले यो लेखमा भिन्न-भिन्न अवस्थामा रहेका महिलाहरूलाई एकै तराजुमा तौलिने सामाजिक-राजनीतिक परिपाटीलाई पुनर्व्याख्या गर्दै आदिवासी जनजाति महिला भित्रको विभेद, वर्गीय हिंसा र गैरमूलप्रवाहीकरणलाई मसिनो तरिकाले बुझ्नु पर्ने तर्क गरेकी छन् । अझै पनि एकै जातीय-लिंगीय वर्चस्व सहितको लोकतान्त्रिक पद्धति अँगालिरहेको नेपालमा महिलाहरूको सहभागिताले समावेशी लोकतन्त्र र समृद्धिमाथि प्रश्न खडा गरेको राईको तर्क छ । उनी भन्छिन्—दश वर्षे “माओवादी जनयुद्ध” (सन् १९९६–२००६) मा आदिवासी जनजाति महिलाको सक्रिय सहभागिता रह्यो र उनीहरूले आन्दोलनका क्रममा जनविश्वास पनि उत्तिकै बटुले । तर माओवादी जनयुद्धपछि आदिवासी जनजाति महिला खस-आर्य महिलाको दाँजोमा बिस्तारै पछि परे या पारिए । राईले महिला भित्रको विविधता, असमान प्रतिनिधित्व र सहभागितामा संख्यात्मक सन्तुलन ल्याउन “कोटाभित्रको कोटा” लाभकारी हुने उपाय समेत सुझाएकी छन् ।

पुस्तकको छैटौँ लेख भोगिराज चाम्लिङको नेपालमा सांस्कृतिक राजनीतिबारे छ । यो लेखमा उनले एन्टोनियो ग्राम्सीको राज्यको शक्ति र आम मानिसबाट मञ्जुरीको संयुक्त रूप नै प्रभुत्व हो भन्ने सैद्धान्तिक कोणलाई समात्दै नेपाली समाजको विश्लेषण गरेका छन् । उनका अनुसार सांस्कृतिक राजनीतिका हतियारका रूपमा हिन्दू संस्कृतिमा आधारित प्रतीक (त्रिशूल, शंख, आदि) र अर्थ (गाई "पवित्र" र सुँगुर "अपवित्र," आदि) राजतन्त्र र गणतन्त्र दुवै कालमा जारी रहेका छन् । सांस्कृतिक राजनीतिका विविध तथ्यलाई उजागर गर्न उनले नारिछिङ राईको बस्ती "फुस्तेल" कसरी "शिवटार" मा परिणत भयो भन्ने कुराको चर्चा गर्छन् । उनका अनुसार नेपालमा सांस्कृतिक राजनीतिका मुख्य अवयव हिन्दू संस्कृतिमा आधारित प्रतीक, भाषा र संविधान हुन् ।

टासी छिरिङ घले-डोल्पोले "आदिवासी जनजाति आन्दोलन र अल्पसंख्यक राजनीति" शीर्षकमा स्थानीय सरकारमा सुनिश्चित गर्न ल्याइएको राज्यको नीति-कार्यक्रममाथि समीक्षात्मक विश्लेषण गरेका छन् । शून्य दशमलव पाँच प्रतिशतभन्दा कम जनसंख्या भएका समूहलाई "अल्पसंख्यक" भनेर सूचीकरण गर्ने राज्यको निर्णय व्यावहारिक नभएको उनको तर्क छ । उनका अनुसार आदिवासी जनजातिहरू अल्पसंख्यकभन्दा पनि कम जनसंख्या भएका आदिवासी जनजातिकै रूपमा पहिचान चाहन्छन् । जस्तै, राज्यको नीति अनुसार "लोहार" र "कायस्थ" दुवै अल्पसंख्यक हुन्, तर आर्थिक, राजनीतिक प्रतिनिधित्व आदिको हिसाबले यी दुई समुदायबीच तुलना गर्न मिल्दैन ।

पुस्तकको अन्तिम लेख "नेपालमा स्वायत्त, संरक्षित र विशेष क्षेत्र" बारे गोबिन्द छन्त्यालको रहेको छ । यो लेखमा उनले स्वशासन सम्बन्धी अन्तर्राष्ट्रिय अनुभव, बहस र संघर्ष तथा संवैधानिक, कानूनी र अन्तर्राष्ट्रिय दस्तावेजको जानकारी दिएका छन् । *नेपालको संविधान* २०७२ र अन्तर्राष्ट्रिय कानूनको आधारमा स्वायत्त, संरक्षित र विशेष क्षेत्रको अवलम्बन हुनुपर्नेमा उल्टै नेपाली राज्य यी विषयमा अनुदार/उदासीन रहेको उनको तर्क छ ।

पुस्तकका विषयवस्तु महत्त्वपूर्ण हुँदाहुँदै पनि, यस भित्रका लेखहरूले आदिवासी जनजाति र राज्य बीचको सम्बन्धमा खासै नयाँ तथ्य, विश्लेषण, वा दृष्टिकोण पाठकलाई दिन सकेको देखिँदैन । लेखकहरूले आफ्नो विषयवस्तुलाई प्राज्ञिक हिसाबले लेख्न मेहनत नगरेको हो कि भन्ने भान पाठकलाई पर्न सक्छ । पुस्तकमा लेखकहरू प्राज्ञिकभन्दा पनि अभियानकर्मी (एक्टिभिस्ट) देखिन्छन् र लेखाइको शैली "प्रतिरोधात्मक" छ ।

यस बाहेक पुस्तकको समकक्षी समीक्षा (पिअर रिभ्यू), सम्पादन, र प्राविधिक पक्ष कमजोर रहेको छर्लंग देख्न सकिन्छ । जस्तै, गोबिन्द छन्त्यालले लेखमा "सन्दर्भस्रोत" को रूपमा विकिपिडियालाई बढी प्रयोग गरेका छन्, जसलाई प्राज्ञिक वा अर्ध-प्राज्ञिक लेखनका लागि उपयुक्त मान्न भने सकिँदैन । पुस्तकमा "हिज्जे" मा ख्याल नगर्दा कतिपय ठाउँमा अनर्थ भएका छन् । यद्यपि, यी कुराहरूलाई सम्पादकहरूले पुस्तकको परिचय

खण्डमा स्वीकारेका छन् : "लेखहरूलाई परिमार्जन गरेर गहन बनाउने प्रयत्न गरिए पनि विभिन्न कारणले प्रत्येक लेखहरूको गम्भीर समीक्षा र परिमार्जनको प्रक्रिया अवलम्बन गर्न सकेनौँ। त्यसैले यो पुस्तकमा विषयवस्तुका हिसाबले र अरू प्राविधिक हिसाबले पनि कमी कमजोरीहरू पक्कै छन् भन्ने स्वीकार्दछौँ। स्रोत र समयको अभावले सम्पादन पक्ष पनि फितलो रह्यो" (पृ. ५)। जनजाति विषयका प्राज्ञिक मानिने व्यक्तिहरूका लेखमा यस्तो टिप्पणी गर्नुपर्ने अवस्था पक्कै पनि सुखद होइन। तर यी कमजोरीका बाबजुद आदिवासी जनजाति, नेपाली राज्य, सामूहिक संघर्ष र तिनका विविध सवालमाथि आमवृत्तमा जानकारी र निरन्तर बहसको लागि भने यो पुस्तक उपयोगी नै सम्झनु पर्छ।

**छम गुरुङ**
त्रिभुवन विश्वविद्यालय